# कर्णालीको खाद्य तथा कृषिको अवस्थाः एक आँकलन*

■ कृष्ण पौडेल**, माधव धिताल**, सुजाता तामाङ्ग** र सुशीलाकुमारी थापा मगर***

## पृष्ठभूमि

नेपालमा खाद्य सुरक्षाको स्थिति दिनप्रतिदिन खस्कँदो छ । एक दशक पहिलासम्म खानेकुरा निर्यात गर्ने आत्मनिर्भर नेपाली किसान अहिले खाद्यान्न आयात गर्न बाध्य छन् । वि.स. २०६४ र ६५ सम्म ४१ जिल्लामा मात्र खाद्य अभाव भएको तथ्याङ्क बढेर अहिले ४९ जिल्लामा खाद्य अभाव भएको सरकारी तथ्याङ्कले देखाएको छ । खाद्य अभाव भएका विश्वका ८८ मुलुकमध्ये २०६५र६६ मा नेपाल ५५ औं स्थानमा रहेकोमा वि.सं. २०६६र६७ मा ५६ औं स्थानमा आएको छ । स्रोतको अभावमा कठिन जीवन भोगिरहेका गरिब र विपन्न बस्तीमा जताततै पर्याप्त खाद्यान्य छैन । क्षेत्रगत हिसाबले हेर्दा मध्य र सुदूर पश्चिमका सबै पहाडी तथा हिमाली जिल्लाहरूमा खाद्य असुरक्षा छ । यस्तै कर्णालीका पाँचै जिल्ला खाद्य असुरक्षित छन् जँहा सरदरमा ३ देखि ६ महिना मात्र आफ्नो उत्पादनले खान पुग्छ ।

राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको कृषि नेपालीहरूको जीविका र खाद्य सुरक्षाको मुख्य आधार हो । तर अहिले कृषिप्रति गाँउलेहरूको चासो घटदै गइरहेको छ जसले गर्दा गाउँमा खेतीपातीको अवस्था दिन प्रतिदिन खस्कँदो छ । कृषि उत्पादनमा कमी आउनुका साथै बदलिँदो आर्थिक सामाजिक परिवेश र जलवायुमा आएको व्यापक परिवर्तनले आम किसानहरूमा खेतीपातीप्रति वितृष्णा समेत बढाएको छ । यसै पृष्ठभूमिमा कर्णाली क्षेत्रको[ज्ञ] ग्रामीण भेगमा खाद्य सुरक्षा अवस्था, कृषि स्रोत आँकलन र बजारको प्रभावबारे खोज गर्ने उद्देश्यले बाजुरा र मुगू जिल्लाका ४ गाविसमा २०६७ भदौदेखि कार्तिकसम्म केयर नेपालको सहयोगमा फरेस्ट एक्सन नेपालको खाद्य तथा दिगो खेतीपाती अभियानमा काम गर्ने अध्ययन समूहले भ्रमण गरेको थियो । यो अध्ययन मूलतः कृषि उत्पादनमा आएको कमीका कारण तथा यसले खाद्य सुरक्षामा पारेको असरमा केन्द्रित छ । जसमा स्थानीय स्तरमा खाद्य सुरक्षा, खेतीपाती र जीविकोपार्जनका आधारमा आएको फेरबदललाई विश्लेषण गरिएको छ र अन्त्यमा भविष्यमा कर्णाली क्षेत्रको खाद्य सुरक्षाका लागि अपनाउनुपर्ने रणनीति तथा

---

** यो लेख केयर नेपालको आर्थिक सहयोगमा मुगू र बाजुरामा गरिएको एक अध्ययनमा आधारित छ ।*

*** लेखकहरू खाद्य तथा दिगो खेतीपाती अभियान, फरेष्टएक्सन नेपालमा आबद्ध हुनुहुन्छ ।*

***लेखक केयर नेपाल, खाद्य अधिकार परियोजनामा आबद्ध हुनुहुन्छ ।*

कार्यनीतिबारे सुझाव दिइएको छ । यसै अध्ययनमा आधारित भई यस लेखमा कर्णालीको खाद्य तथा कृषि अवस्थाको आँकलन गर्ने प्रयास गरिएको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

यो अध्ययन सहभागितामूलक अनुसन्धान विधि अपनाई गरिएको छ । अध्ययनको सुरुवातमा नेपालको खाद्य सुरक्षा र कृषिसँग सम्बन्धित नीति, कार्यक्रम र योजनाहरूको समीक्षा गरी ग्रामीणस्तरको खाद्य सुरक्षा र कृषिक्षेत्रमा खोजी गरिनुपर्ने मुख्य सवालहरूको पहिचान गरियो । यसमा खाद्य सुरक्षा, कृषि स्रोतको अवस्था र बजारको प्रभाव जस्तो विषयलाई समावेश गरी अध्ययनको विषयवस्तुको खाका तयार पारियो । यही खाकामा आधारित भई मस्यौदा सूचक र प्रश्नावली तयार पारियो । अध्ययनमा संलग्न सदस्यहरू र साझेदार संस्थाहरू बीच अध्ययन विधि र प्रक्रियाको छलफल तथा तयारीपछि छनौट भएका (स्थानीय साझेदारको सुझावअनुसार) गाविस र गाउँहरूमा अन्तर्वार्ता, अवलोकन, घरधुरी सर्वेक्षण गरी जानकारी संकलन गर्ने काम भयो । अध्ययनबाट प्राप्त प्रारम्भिक नतिजाबारे छलफल र सुझावका लागि जिल्ला स्तरमा सरोकारवाला समूहसँग अन्तर्क्रिया गरियो ।

## अध्ययनबाट प्राप्त नतिजा

यस अध्ययनमा कर्णाली क्षेत्रको जीवन पद्धतिमा आएको फेरबदल, खाद्य सुरक्षाको अवस्थाको साथै कृषि उत्पादन र उत्पादकत्व घट्नुका कारणहरू खोतल्ने प्रयास गरिएको छ ।

## जीवनपद्धतिमा आएको फेरबदल

बदलिँदो सामाजिक आर्थिक परिवेशले परम्परागत जीवन पद्धतिमा व्यापक फेरबदल ल्याएको छ । यसो हुनुमा कृषि पद्धतिमा आएको फेरबदल नै मुख्य कारण हो । धेरैजसो नेपाली किसानहरूले खेतीपातीबाट आउने आम्दानीले खानेकुराका साथै सबै घरव्यवहार चलाउनु पर्दछ किनभने गरिब किसानहरूसँग जीविकाका अन्य कुनै स्रोत नै छैनन । स्थानीय उत्पादनमा कमी, सामाजिक रहनसहनमा भएको फेरबदल र वातावरणमा आएको परिवर्तनसँगै युवाहरु गाउँ छोड्ने बढ्दो प्रवृत्तिले कर्णालीका गाउँघरमा खाद्य तथा कृषिको अवस्था दयनीय छ । जसले गर्दा खाद्य असुरक्षाका तथ्याङ्कहरू पनि दिनप्रतिदिन बढिरहेका छन् । अन्य घर खर्चको कुरा त परै जाओस् धेरै गाँउलेहरूलाई आफ्नो उत्पादनले खानसम्म पुग्ने स्थिति छैन । घर खर्च चलाउन थप आम्दानीको खोजीमा उनीहरु सहर पस्न र विदेशिन बाध्य छन् । पुरुषहरू कामको खोजीमा बाहिरिने र केटाकेटीहरू पढ्न विद्यालय जाने हुँदा वृद्धवृद्धा र महिलामाथि खेतीपातीको कामको भार बढेको छ ।

उत्पादनको स्रोत मानिने जमिनमा वास्तविक गरिब किसानको पहुँच छैन । कृषिमा निर्भर हाम्रो देशमा करिब ४५% कृषकको जग्गाा ०.५ हेक्टरभन्दा कम छ । उनीहरुले अरूको जमिन अधियाँ लिएर वा कृषि मजदुरको रूपमा खेतीपातीको काम गरेर गुजारा चलाउने गरेका छन् । अन्य क्षेत्रको तुलनामा कर्णाली क्षेत्रमा खेतीयोग्य जमिन निकै नै कम भएको हुँदा घर परिवारलाई खेतीपातीको काम गरेर मात्र परिवारको जीविकोपार्जनका स्रोत जुटाउन सम्भव छैन ।

केही वर्ष पहिलेसम्म आफ्नै उत्पादन, छरछिमेकसँग सैँचोपैँचो गरेर तथा आफूले उत्पादन गरेका सरसामाग्री छिमेकी जिल्लामा गई खाद्यान्नसँग साटासाट गरेर उनीहरू आफ्नो

जीवन निर्वाह गर्थे। विगत ८/१० वर्षयता जीविकाका स्रोतमा व्यापक फेरबदल आएको छ। आजकल यस्ता परम्परागत जीविकोपार्जनका लागि गरिने विविध पेसा तथा व्यवसाय विरलै देखिन्छ। जस्तै, कपासबाट धागो काटी बनेको कपडा पाइँदैन। यस्तै बाखाका रौंबाट बन्ने राडीपाखी बुनी छिमेकी गाउँ/जिल्लामा खाद्यान्नसँग साटासाट गरेर वा बेचेर हुने आम्दानी पनि घट्दै छ। वर्तमान अवस्थामा ४५ सयदेखि ५ हजार रुपैयाँ मूल्य पर्ने राडीपाखीहरू बुन्न छोडिसकेका छन्। खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेल्ने यस्ता स्थानीय उत्पादनहरू पहिले आम्दानीका भरपर्दा स्रोत थिए।

यस्तो उपाय नभएका यस क्षेत्रका गरिब परिवारहरू परम्परादेखि नै जीविकाका लागि भारतका विभिन्न सहरमा जाने गर्दछन्। यो उनीहरुको खाद्य अभावलाई टार्ने एउटा वैकल्पिक उपाय पनि हो। उनीहरूको विचारमा यसरी रोजगारीका लागी बाहिरिँदा दुइटा फाइदा हुने गर्दछ: पहिलो, घर व्यवहार चलाउन आवश्यक नगदको व्यवस्था साथै घरायसी सामानहरूको आपूर्ति र दोस्रो घरका सदस्यहरू बाहिरिँदा बचत हुने अन्नले घर परिवारमा रहेका अन्य सदस्यहरुलाई खान पाउने अवस्था। यसरी अस्थायी रूपमा घरबाट कामको खोजीमा बाहिरिने चलन धेरैजसो गरिब र दलित किसान परिवारहरूमा बढी पाइएको छ।

## खाद्य सुरक्षाको बिग्रँदो अवस्था

यसक्षेत्रमा खाद्यस्रोतको अवस्थामा व्यापक परिवर्तन आएको छ। खाद्य असुरक्षित जिल्लाका रूपमा चिनिएका मुगू र बाजुरामा खाद्यान्नका स्रोतको अवस्थालाई विश्लेषण गर्दा आफैले उत्पादन गरेको खाद्यान्नले बाजुरामा २३% र मूगूमा ३७% धानेको देखिन्छ। खाद्य निर्भरताको सूचकाङ्कलाई हेर्ने हो भने बाजुरामा ०.२८ र मुगुमा ०.३८ देखिन्छ। यसैगरी खाद्य सुरक्षाका नाममा नेपाल खाद्य संस्थान र विश्व खाद्य कार्यक्रमले वितरण गरेको पाँच भागमा एक भाग मात्र धानेको अध्ययनले देखाएको छ। बजारको बढ्दो प्रभावले गर्दा बाजुराका मानिस बढी बजारमुखी देखिएका छन्। बाजुरा र मुगूमा खाद्यान्नका स्रोतलाई तलको पाइचार्टले स्पष्ट पारेको छ

**गाउँमा खाद्यान्नका स्रोतहरू**




## खाद्य संस्कृतिमा आएको परिवर्तन

बजारको बढ्दो प्रभावसँगै मानिसहरूको खाने बानी र सोचमा व्यापक परिवर्तन आएको छ। गाउँघरमा वर्तमान खेतीप्रणाली र स्थानीय खाद्य संस्कृतिको विस्तार घट्दै छ। स्थानीय खानेकुरालाई आयातित खाद्य सामाग्रीले विस्थापित गर्दै छ। १०-१५ वर्ष अघिसम्म बाहिरी चामल

चाडपर्वमा मात्र उपयोग गरिन्थ्यो तर अहिले गाउँघरका चुलामा धेरैजसो भात मात्र पाक्छ। सुन्दा पनि अचम्म लाग्ने भातसँग चाउचाउको तरकारी खाने चलन अब सामान्य भइसकेको छ। बाजुरा आटीचौरका स्थानीय पसलेका भनाइमा चामल किन्न नसक्ने मानिस अहिले पनि गाउँमा मकै र कोदो खान्छन्। उनको भनाइले चामल र अन्य खानेकुराबारे गाउँमा कस्तो धारणा बनेको रहेछ त, सजिलै बुझ्न छ।

यस क्षेत्रमा आर्थिक रूपले विपन्न किसानहरू खाद्यवस्तुको लागि आफ्नो उत्पादनमा भर पर्दछन् तर यो उनीहरूको रोजाइभन्दा पनि बाध्यात्मक अवस्थाले गर्दा भएको हो। भातले खाद्य संस्कृतिलाई धेरै नै प्रभाव पारिरहेको छ। उदाहरणको लागि कर्णालीमा पुग्ने उडुवा चामलले आजभोलि भातबाहेक परम्परादेखि खाने वस्तुहरूलाई खानाका रूपमा नलिने संस्कृति विकास गर्दैछ। भात भन्दा अरू खाना खानुपर्‍यो भने विपन्न भएको अनुभूति गर्ने मानिसहरू धेरै नै भेटिन्छन्। गाउँघरमा यस्तै खालका खाद्य संस्कृतिसँग सम्बन्धित थुप्रै कथा सुन्न सकिन्छ। *"सजिलै उपलब्ध हुने खाद्यको चामल आएपछि मेरो ममी घट्ट नजानु भएको आज लगभग छ महिना भइसकेको छ"* यो भनाइ हो मुगुको सदरमुकाम नजिकै श्रीनगर गाविसका एक जना युवाको। चामलबाहेक अन्य खाद्यन्नको उपयोग न्यून छ जसले गर्दा आफ्नो जग्गामा होस् नहोस् धेरै गाउँमा धानलाई नै बढी महत्व दिइएको पाइन्छ। आटीचौर गाविसको दहलेकमा किसानहरूले धान खेती गरेका छन्। यस क्षेत्रमा धान लगाउन थालेको धेरै नै भइसक्यो। तर अहिलेसम्म धान पसाएको छैन। तर पनि गाँउलेले धान खेती लगाउन छोडेका छैनन्। यसबारे सोध्दा उनीहरूको विचारमा बजारबाट चामल किन्नुपर्ने भएपछि अरू बालीको सट्टा धान लगाइयो भने चामल त किन्नु पर्दैन। चामल मात्र होइन आलु भन्दा आलुका चिप्स, गहुँ भन्दा चाउचाउ अनि बिस्कुट खाने बानी बढ्दै छ र यी आयातीत वस्तुहरू पोसिला हुन्छन् भन्ने गलत सोचाइ रहेको छ। जसले गर्दा तयारी वस्तुहरूको बजार बढिरहेको छ।

## खाद्यमा बढ्दो परनिर्भरता

खाद्य असुरक्षाको मारमा पर्दै आएका कर्णाली क्षेत्रका मानिसको खाद्यान्न आपूर्तिको मुख्य स्रोत खाद्य संस्थानले वितरण गरेको चामल हो। यस क्षेत्रमा सन् १९७६ देखि खाद्य संस्थानले बाहिर खाद्यान्न ढुवानी गर्न थालेपछि चामलप्रतिको मोह बढिरहेको छ। सुरुवातका वर्षहरुमा खाद्य संस्थानले चामल, दाल, नुन गाविसका खाद्य संस्थानका डिपोहरुवाट वितरण गर्ने गरेकोमा अहिले आएर जिल्ला सदरमुकामको खाद्यबाट चामल बाँड्न थालेको छ। खाद्यान्न सर्वसुलभ तवरले पुर्‍याउन स्थापित गरिएको खाद्य संस्था सदरमुकामकेन्द्रित छ। जसले गर्दा दुर्गम गाउँलेहरूको यसमा कुनै पहुँच छैन। खाद्य संस्थानले वितरण गर्ने खाद्य सहयोगको आफ्नै नियम प्रक्रिया भए तापनि त्यसअनुरूप कार्यान्वयन भएको छैन। खाद्य संस्थानले वितरण गर्ने खाद्यान्न प्राप्त गर्न राजनीतिक पार्टीको सिफारिस र चाकडी प्रथाले गर्दा ग्रामीण भेगका जनताले यसमार्फत खाद्य सुरक्षाको प्रत्यभूति कमै गर्न पाएका छन्। सुरुमा प्रतिपरिवार पाँच केजी चामल दिने भएकामा हाल आएर प्रतिपरिवार दश केजी चामल दिने नीति बनाइएको त छ। तर यो दुर्गम गाउँका जनताहरूको पहुँचमा छैन। फलस्वरूप स्थानीय बजारमा चर्को मूल्य तिरेर खाद्य संकट टार्न बाध्य छन्। एकातिर पर्याप्त नीति तथा कानुन छैन भने अर्कोतिर अनुगमन र मूल्यांकनसमेत प्रभावकारी छैन।

स्थानीय समुदायका अनुसार माओवादी द्वन्द्व कालसम्म पनि कर्णालीमा अहिले जस्तो खाद्य असरक्षा थिएन किनभने माओवादी गाउँमा रहँदा गाउँलेहरुलाई विदेश जानुको सट्टा गाउँमा नै खेतीपातीको काममा लाग्न जोड दिने गरेका थिए फलस्वरूप गाँउमा खेतीपाती राम्रो हुनुको साथै सामाजिक काममा गाउँलेहरुको भूमिका बढेको थियो । तर शान्ति सम्झौतापछि माओवादीले गाउँ छोडेपछि धेरै गाँउलेहरू कामका लागि खाद्यान्न कार्यक्रममा सहभागी भएर विकास निर्माणका काम जस्तै कुलो, सामुदायिक भवन निर्माण, विद्यालय आदिको निर्माण तथा मर्मतको काममा संलग्न भए ।

विश्व खाद्य कार्यक्रमले वि.सं. २०६१ देखि मुगूमा कामका लागि खाद्यान्न ढुवानी गर्न थालेको हो । गाउँमा कुलो, बाटो, सामुदायिक भवन निर्माणजस्ता सामुदायिक काम गर्न लगाई ज्यालाका रूपमा चामल बाँडिन्छ । यस्ता खाद्य सहयोगले उनीहरुको चुलो केही दिनसम्म त पक्कै नै बल्छ तर यसले गाउँलेलाई खेतीपातीबाट विमुख बनाएको गुनासो भने धेरै जनाले सुनाए । यस्तै स्थानीयवासीलाई परनिरर्भर बनाएको अभिव्यक्तिहरु पनि हामीले त्यतिकै पायौं । *"साहेब हामी एकदमै गरिब छौं, हामीलाई कसैले पनि सहयोग गरेको छैन । हाम्रो त खेतीपातीका लागि जग्गा पनि छैन । हाम्रो गाउँमा चामल कहिले आउँछ"* भनेर सोध्ने मानिस प्रशस्तै भेटिन्छन् । यस भनाइले बाहिरबाट आएका मानिसप्रति स्थानीयवासीमा अपेक्षा स्पष्ट झल्किन्छ (अर्को शब्दमा भन्नुपर्दा हामी कसरी माग्ने भइरहेका छौं भन्ने कुराको उदाहरण पनि हो) ।

कामका लागि खाद्यान्न कार्यक्रमले सबै गाउँलेहरुलाई एउटै परिणाममा खाद्यान्न वितरण गर्दा सबै परिवारले बराबरी खाद्यान्न पाउँछन् । यसले गर्दा खाद्यान्न पर्याप्त हुने घरपरिवारले यस कार्यक्रमबाट पाएको खाद्यान्न गाउँकै गरिब परिवारलाई बेच्ने वा जाँडरक्सी बनाउन खर्च गर्ने गरेका छन् । यसरी हेर्दा खाद्य सुरक्षाका लागि गरिएको यस्तो कार्यक्रमले खाद्यान्न अभाव भोगिरहेका गरिब किसानलाई तुलनात्मक रुपमा खासै फाइदा गरेको देखिदैन । खाद्य सहयोग विपन्न वर्गका लागि पुग्नुपर्नेमा पुगीसरी आउनेका लागि जाँडरक्सीको कच्चा पदार्थ बन्न पुगेको यथार्थ रहेको छ । अर्को शब्दमा भन्ने हो भने खाद्य सहयोगको दुरुपयोग हो यो । यसले स्थानीय समुदायमा परनिर्भरता बढाउनुका साथै बाहिरी सहायताबाट हुने विकास कार्यक्रमको उपयोगितामा प्रश्नसमेत उठाएको छ ।

विश्व खाद्य कार्यक्रम लागू भएका जिल्लाहरूमा जिविसको संयोजकत्वमा स्थानीय संघ संस्थाहरू सदस्य भई खाद्य सुरक्षा सञ्जाल गठन भएका छन । खाद्य रणनीति तयार पार्ने जस्ता अहम भूमिका निर्वाह गर्नुपर्ने यो सञ्जालले कुनै प्रभावकारी कार्य गर्न सकेको देखिँदैन । स्थानीय संघसंस्थाहरू विश्व खाद्य कार्यक्रमको क्रियाकलापलाई समर्थन वा विरोध गर्नमा नै सीमित छन् ।

अर्को कुरा खाद्य कार्यक्रमले खाद्य असुरक्षाको आधारमा गाविसको चयन गर्ने भनिए पनि राहतका लागि गरिने खाद्य वितरण गाउँलेहरूका लागि धेरै उपयोगी छैन । उदाहरणका लागि मुगूको जिमा गाविसको ख्याल्चा गाँउमा २०६६ सालमा खाद्यान्नका लागि सहयोग गरे तापनि यस वर्ष उनीहरुले यस गाँउलाई समावेश गरेका छैनन् । तर ख्याल्चाको अहिलेको अवस्था जस्ताको तस्तै रहेको छ । अहिले उनीहरूले पहिले पहिले जसरी नै आफैले उत्पादन गर्ने, गाउँघरबाट पैंचो लिएर र नजिकको बजारबाट किनेर जीविका चलाइरहेका

छन् । उनीहरू खाद्यको चामल लिन डेढ दिन हिडेर गमगढी विरलै जान्छन् । यसले के देखाउँछ भने बाजुरा जिल्लाको अवस्था मुगूको भन्दा अलि फरक छ । बाजुराको तल्लो भेगका गाविसमा गाडीको बाटो जोडिएको छ जसले गर्दा स्थानीय बजारमै चामल र अन्य तयारी खाद्यान्न सजिलै पाउन सकिन्छ । त्यसैले त्यहाँका वासिन्दाले खाद्य संस्थानको चामललाई खासै प्रथामिकता दिएको देखिँदैन । उनीहरू खाद्यान्नको चामलभन्दा रोजगारीको अवसर पाए बजारबाटै खाद्यान्न किन्न पाइने कुरामा ढुक्क छन् ।

## कृषिमा आएको फेरबदल

*"हामीहरू सबै कृषक हौं र हाम्रो देश पनि कृषिप्रधान देश हो । त्यसैले हामीले कृषि पेसालाई कदापि छोड्नु हुँदैन । पैसा हुँदा त खाद्य संस्थान र खाद्यान्न निकायहरुबाट चामल ल्याउने अनि पैसा सकिएपछि कसरी गुजारा चलाउने । खाद्य सहायता कार्यक्रमहरू दीगो हुन कदापि सक्दैनन त्यसैले हामीले अरुको भर पर्नु पनि हुँदैन"* यो भनाइ हो रुगा गाविस सल्यान बस्ने धनब भण्डारीको । *भण्डारीको यस भनाइले कृषिलाई खाद्य सुरक्षाको आधार बनाउने सुझाव दिन्छ तर कसले सुन्ने यो कुरा ?*

कृषि उत्पादनमा बढिरहेको खर्च, ज्यालादारी, चर्को उत्पादन सामग्रीको मूल्य र आवश्यक सरकारी सेवा तथा सुविधामा आएको कमीले गर्दा कृषि पेसा नै सङ्कटमा परिरहेको छ । जीविकोपार्जनका वैकल्पिक स्रोत भएका धनी किसानहरू कृषिलाई सहायक पेसा बनाउँदै छन् भने जमिन नै नभएका साना तथा गरिब किसानका लागि भने यो पेसा जीविकापार्जनको मुख्य स्रोत बन्दै आइरहेको छ ।

**बाहिरी चामलको आयातसँगै खाद्यान्न बालीको प्राथमिकतामा व्यापक फेरबदल आएको छ । यद्यपि यस क्षेत्रमा धेरै प्रकारका अन्नबालीहरू उत्पादन गर्न सकिने भए पनि धानलाई मुख्य बाली ठान्ने प्रवृत्ति बढ्दो छ । अन्य मध्य पहाडमा मकैलाई प्रमुख खाद्यबालीको रूपमा लिइन्छ तर कर्णालीमा भने यस बालीको महत्व न्यून छ । परम्परागत रुपमा खेती गरिँदै आएको आलु, चिनो, काउनो मार्से आदिलाई उनीहरू खाद्यान्न भन्नसमेत रुचाउँदैनन् ।**

खेतीपातीमा प्रयोग हुने मल, बिउ तथा अन्य सामाग्री महँगा भएका छन् । जसले गर्दा एकातर्फ, खेतीपातीको लागत दिनप्रतिदिन बढिरहेको छ भने अर्कोतर्फ, वर्षात तथा मौसममा आएको फेरबदलले गर्दा उत्पादन दिनदिनै घटिरहेको छ । किसानले खेतीपाती छोडने क्रम बढेको छ । किसानहरु बजारबाट खाद्यान्न आयात गरी दैनिक गुजारा चलाउन बाध्य छन् । आम्दानीको ठूलो हिस्सा दैनिक गुजाराका निम्ति खर्च गर्नुपर्ने भएकाले नगद आम्दानीका लागि अन्य पेसा अपनाउनुपर्ने बाध्यता बढेको छ । परम्परादेखि नै प्रयोग गरिएका रोग किरा सहन सक्ने स्थानीय बिउहरू क्रमशः लोप हुँदै छन । चलनचल्तीमा रहेका केही स्थानीय प्रजातिहरूमा पनि हाल आएर विभिन्न रोगहरू देखिन थालेका छन्, जस्तै, कोदोमा डडुवा र गहुँमा पहेंलो सिन्दुरे । जिल्ला कृषि अधिकृतका अनुसार स्थानीय जातहरूको बिउ छनौट तथा सुधारका लागि गर्नुपर्ने अनुसन्धानका काम नहुने हुँदा यस्तो समस्या देखिएको हो । जसको कारणले कतिपय स्थानीय प्रजातिहरू लोप हुँदै छन् जस्तै थापाचिनी,

जोडो । यसरी स्थानीय प्रजाति लोप हुनुमा बाहिरबाट आउने खाद्यान्नको समेत प्रभाव देखिन्छ । गरिब किसानहरू जोसँग पर्याप्त खाद्यान्न छैन, उनीहरूले अर्को वर्षका लागि बिउ सञ्चित गर्ने कुरा टाढाको विषय बन्नपुगेको छ । उत्पादनका लागि चाहिने गुणस्तरीय बिउको महत्वसम्बन्धी ज्ञानको पनि कमी छ । उनीहरू अन्न र बिउ छुट्याएर राख्दैनन् । राखि नै हाले पनि खाद्य अभावका दिनहरूमा त्यही बिउसमेत खान बाध्य छन् उनीहरू । अर्को वर्षसम्म कुर्नुभन्दा तत्कालको भोक टार्ने कुरा मानिसका लागि महत्वपूर्ण हुन्छ ।

धेरै गाउँमा सरकारी, गैरसरकारी संघसस्थाद्वारा दिनुपर्ने सेवा तथा स्रोतमा पनि कमी छ । माओवादीको दशवर्षे युद्धकालमा कृषि प्रसार सेवामा धेरै नै प्रभाव परेको थियो जुन अहिलेसम्म पनि उस्तै अवस्थामा छ । यसरी सरकारी सेवा नपुग्दा किसानहरूमा खेतीपातीप्रति उदासीनता बढेको छ । स्थानीय सम्भाव्यताका क्षेत्रहरू जस्तै खाद्यान्न र अन्य फलफूल तथा तरकारीको परिमार्जन गर्ने तरिकाहरू, स्थानीय सम्भावनालाई हेरेर खेती गर्ने तरिका र राम्रा उत्पादनका स्थानीय तरीकाहरुलाई पनि विज्ञहरुले नदेखि रहेको अवस्था छ ।

## घट्दो कृषि उत्पादन

नेपालमा कृषिको उत्पादन र उत्पादकत्व लगातार घटिरहेको छ । कृषिको उत्पादन तथा उत्पादकत्व घट्नुमा मुख्यगरी जमिनको स्वामित्व, आवश्यक नीति, उत्पादन सामग्री तथा सेवाको कमी तथा अनुपयुक्त उत्पादन प्रविधि मुख्य कारण हुन् ।

धेरैजसो स्रोत साधनले गरिब किसानहरू जसको जीविकोपार्जनका लागि अन्य कुनै उपाय छैन, कुनै फाइदा नभए पनि सधैंभरि खेतीपातीमा लाग्न बाध्य छन् । धेरैजसो गरिब किसानलाई जीवन निर्वाहको लागि पर्याप्त जमिनको अभाव छ भने खेतीपाती गर्दै नगर्ने समूहका हातमा खेतीयोग्य जमिनको नियन्त्रण छ । त्यसो त कर्णालीका केही भागमा किसानहरूले खेतीपातीमा देखिएका समस्यालाई समाधान गर्न वैकल्पिक उपाय पनि प्रयोग गरिहेका छन् । जस्तैः प्राङ्गारिक मलको प्रयोग, वस्तुभाउको पिसाबको प्रयोग, रोग तथा किराको नियन्त्रणका लागि स्थानीय जडीबुटीको प्रयोग, भण्डारन गर्ने स्थानीय तरिका आदि । तर यो ससाना ठाउँमा छरिएको अवस्थामा रहेको छ ।

किसानहरू आफ्नै प्रयासले कृषिमा सुधार ल्याउने प्रयत्नमा जुटेका छन् । बदलिँदो परिवर्तनसँगै खेतीपातीका कामलाई पनि बदलिरहेका छन् । उदाहरणका लागि धेनाकोट गाविसमा मलखादको प्रयोग । १५ वर्ष अगाडिसम्म प्रशस्त हिउँ पर्ने हुनाले हिउँदमा गहुँ लगाइसकेपछि मलखादको प्रयोग गर्दथे र हिउँ परेपछि मलखात राम्रोसँग कुहिने हुनाले उब्जनी राम्रो हुन्थ्यो । तर अहिले हिउँ पर्न कम भएपछि यो तरिका असान्दर्भिक भएको छ । त्यसैले उनीहरू आजभोलि जोत्ने बेलामै खेतबारीमा मल मिलाउने गर्दछन् । जसले गर्दा गहुँ उत्पादनमा वृद्धि भएको छ । केड संस्थाले गरेको परीक्षणबाट यो प्रविधिले २५५ सम्म उत्पादनमा वृद्धि हुने देखाएको छ ।

यसैगरी ख्याल्चका गाउँलेहरूले स्थानीय प्रविधिबाटै ९ महिनासम्म स्याउको भण्डारण गर्ने गरेको बताए । यस्ता परम्परागत स्थानीय सीपलाई राम्ररी खोजी गरेर त्यसमा सुधारका सम्भावना कोट्याउन सक्ने हो भने कृषिको सुधार गर्न धेरै नै मद्दत पुग्छ । आर्थिक, सामाजिक, प्रविधिक र सांस्कृतिकरूपले सहज र स्थानीय वस्तुको प्रयोग गरिने हुनाले कम खर्चिलो र

प्रभावकारी ढङ्गबाट गर्न सकिन्छ । तर विडम्बना यस्ता स्थानीय ज्ञान, सीप र प्रविधिको खोजी र सुधारमा हाम्रो ध्यान पुग्न सकेको छैन ।

## उत्पादनमा कमी हुनुका मुख्य कारण

कर्णाली क्षेत्रका युवाहरू रोजगारीका लागि गाउँबाट बाहिरिने चलनसँगै महिलालाई खेतीपातीमा थप बोझ परेको छ । जलवायु परिवर्तनसँगै खडेरी बढ्दै जानुले खेती उत्पादनमा कमी आइरहेको छ ।

## रोजगारीका लागी बाहिरिने चलन

अहिले खेतीपाती धेरै नै उपेक्षित पेसा बनेको छ । त्यसैले कामको खोजीमा, पढाइको सिलसिलामा गाँउका युवाहरू बाहिरिने क्रम व्यापक छ । उनीहरू खेतीपातीको काम गर्न मन पराउँदैनन् । खेतीपातीलाई बढी मेहनत गर्नुपर्ने र कम नाफा हुने पेसाको रूपमा लिँदै युवाहरू उच्च आशामा विदेश वा बाहिरी क्षेत्रको रोजगार बजारमा जान चाहन्छन । खेतबारीमा काम गर्ने जनशक्तिको अभावको कारणले कृषि क्षेत्र प्रभावित भएको छ । शिक्षाप्रति बढ्दो मूल्य र चासोले सबै केटाकेटीहरू स्कुल जान्छन्, भने १५ देखि ४५ वर्ष उमेरका पुरुषले आफ्नो घर छोडी रोजगारीको खोजीमा सहरी क्षेत्र तथा विदेशी भूमिमा गएका छन् ।

वैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानीले खाद्य संकटलाई घटाउन सघाउ पुगेको छ । विदेशिनाले घरको एक जनाको खाद्य भार घट्ने र आउँदा पैसा पनि आउन भएकाले उनीहरू खेती लगाएर विदेशिने र खेती भित्र्याउने बेलामा घर आइपुग्थे । यसरी विदेशिने समय तथा कृषिको तालमेल मिलाउने स्थानीय वासीहरूको बढ्दो खाद्य संकटले गर्दा विदेशमा बिताउने दिन लम्बिएका छन् । त्यसको प्रभाव कृषि उत्पादन तथा महिला बालबालिकामा परेको छ । तर मौसमी बसाइसराइँ धेरै भए तापनि स्थायी बसाईसराइँ भने अध्ययनले कम देखाएको छ ।

मुगू जिल्लामा अध्ययन गरिएको क्षेत्रहरूमा ३१ प्रतिशत आम्दानीको स्रोत विदेशी आम्दानीबाट प्राप्त हुने देखिएको छ । मुगू र बाजुरा जिल्लामा अध्ययन गरीएका गाविसका मानिसहरू बाहिरी आम्दानीको धेरै अंश ( मुगूमा ७२५ र बाजुरामा ८०५)  खाद्यान्न किन्नमा नै खर्च गर्दछन् जुन कुरा तलको पाइचार्टले प्रस्ट पार्दछ ।

*बाजुरा र मुगुमा अध्ययन गरिएका गा.वि.सहरुमा विदेशी आम्दानीको खर्चका शिर्षकहरु तलको पाईचाटमा प्रस्तुत गरिएको छ ।*







यसका साथै खेतीपातीमा महिलाहरूको भान्सा तथा अन्य घरायसी कामसहित खेतीपातीको काममा महिलाको भार बढेको छ । गाउँघरबाट पुरुष बाहिरिने क्रमसँगै खेतीपातीको काममै भ्याइनभ्याइ गर्नुपर्ने महिलाहरु अहिले घरका सबै व्यवहार र खेतीपातीसमेत आफैले गर्नुपर्ने स्थितिमा पुगेका छन् । खेतीपाती, वस्तुभाउ,

केटाकेटी र बूढाबूढीको स्याहार सुसारजस्ता काम भ्याउनुपर्ने भएको छ। खेतीपातीको जिम्मा लिने पुरुष घरबाट बाहिरिँदा भएको खेतीपाती बाँझो रहने साथै राम्ररी स्याहार नपुगेर उत्पादनमा कमी आएको छ।

## जलवायु परिवर्तन जल्दोबल्दो समस्या

जलवायु परिवर्तनको प्रभाव देशव्यापीरूपमै देख्न सकिन्छ। १०-१५ वर्ष पहिलेसम्म सेताम्य देखिने डाँडाँहरूमा अहिले हिउँ देखिँदैन। हिउँ पग्लेर आउने पानीको स्रोत सुकेको छ जसले गर्दा पहिला निकै उब्जाउ भएका खेतबारीमा अहिले केही फल्दैन। गएको १०-१५ वर्ष यता यस क्षेत्रमा व्यापक 'खडेरी' बढेको छ। समयमा पानी नपर्ने र हिमालको हिउँ पग्लिएर आउने पानीको स्रोत कम हुँदै जानुले यस्तो खडेरी बढेको हो। यसले गर्दा परम्परादेखि खेती गर्दै आएका क्षेत्रहरू सुख्खा टारमा परिवर्तन भएका छन् भने खेतीयोग्य जमिनको खोजीमा वन क्षेत्रहरू विनाश हुँदै छन्।

## सुझाव

अहिले देखिएका खाद्य तथा कृषिका समस्यालाई समयमा नै समाधान नगर्ने हो भने खाद्य तथा जीविकाको संकट अझ गहिरिँदै जाने निश्चित छ। बजार तथा व्यापारमुखी खाद्य नीतिलाई परिमार्जन गरी कृषिलाई खाद्यमुखी बनाउन तत्कालै थालनी गर्नुपर्ने देखिन्छ। अहिलेको खेतीपाती उच्च लगानी तथा बाह्य सोतमा आधारित छ। यसले खेतीपातीका लागि किसानलाई चाहिने स्रोतका लागि सहयोग नगरी परनिर्भरता बढाउनुका साथै पर्यावरणीय तथा मानवीय स्वास्थ्यमा प्रतिकूल असर पारेको छ।

पहिलो कुरा त सुदुर गाउँका मानिसहरूले कसरी पेटभरि खान पाउँछन भन्ने नै हो। त्यसका लागि स्थानीय खाना र उत्पादनमा जोड दिनु नै प्रमुख विकल्प हो। बाहिरबाट मात्रै चामल र अन्य खाद्यान्न ढुवानी गर्नु भन्दा त्यहीँको स्थानीय उत्पादनलाई जोड दिनु खाद्य सुरक्षाको उत्कृष्ट उपाय हो। त्यहाँको स्थानीय उत्पादनलाई कसरी बढाउन सकिन्छ भन्ने कुरामा धेरै नै जोड दिनुपर्ने भएको छ। त्यसका लागि कम खर्चिलो कृषि पद्धति जनस्तरमा पुऱ्याउनु जरुरी छ। बाहिरबाट भइरहेको खाद्य आपूर्तिको निरन्तरताले ग्रामीण क्षेत्रको खाद्य समस्याको समाधान भइरहेको देखिँदैन। तसर्थ स्थानीय खाद्यान्नको प्रवर्द्धन तथा दीगो खेतीपातीको अभ्यासमा जोड दिनुपर्ने हुन्छ।



***मुगूको सिपमा खडेरी बढ्दै जाँदा खेति गर्न छाडिएको जग्गा।***

फोटोः टीका भट्टराई

खाद्य सहायताका लागि विश्व खाद्य कार्यक्रमले सञ्चालन गरिरहेको *कामका लागि खाद्यान्न* कार्यक्रमलाई कृषि उत्पादनसँग जोड्नुपर्ने देखिन्छ।

कर्णालीजस्तो खेतीयोग्य जमिन कम भएको क्षेत्रमा धेरै उत्पादन दिने बालीहरू लगाउन र यसको परिकार खान प्रोत्साहित गर्नु आवश्यक हुन्छ। उदाहरणको लागि कोदोको भन्दा मकैको उत्पादन क्षमता दुई गुणा हुन्छ। यदि कोदोलाई मकैले विस्थापित गर्ने हो भने मात्रै पनि धेरै हदसम्म खाद्य असुरक्षालाई कम गर्न सकिन्छ। यस्तै, परम्परागत खाना आलु र सिमीलाई मुख्य खानाका रूपमा अपनाउन सके खाद्यसुरक्षा सजिलै बढाउन सकिन्छ। यसका साथै जैविक खेतीपाती तथा कम तौल र बढी मुल्य हुने वस्तुको उत्पादन बढाएर स्थानीय बजारमा पुऱ्याउन सके आम्दानी बढाउन सकिन्छ ।

कर्णालीको अध्ययन तथा विभिन्न तथ्याङ्क खोजीका आधारमा त्यहाँको स्थानीय कृषि प्रणालीलाई मात्रै व्यवस्थित गर्ने हो भने खाद्य सुरक्षा बढाउन सकिन्छ। यसका लागि कृषकको हैसियत सुहाउँदो तथा सजिलै अनुसरण गर्न सकिने कृषिप्रणालीको अभ्यासलाई प्रोत्साहन गर्न जरुरी छ।

जलवायु परिवर्तनको असर कम गर्न तथा यसको प्रभावबाट हुने कृषिको जोखिम हटाउन आवश्यक स्थानीय ज्ञान, सीप र अवधारणा विकासमा विशेष पहल आवश्यक छ। जलवायु परिवर्तनको प्रभावलाई कम गर्न, अनुकूलन तथा उपयोग गर्न आवश्यक प्रविधि विकासका लागि अनुसन्धानमा जोड दिनुपर्ने देखिन्छ।

बढ्दो कृषि जनशक्ति कृषि पेसाबाट बाहिर रहेको सन्दर्भमा, कृषि पेसालाई सम्मानित बनाउँदै कृषकलाई अनुदान, बीमा, सहुलियत आदिको व्यवस्था गरिनुपर्ने र रासायनिक खेती प्रणालीलाई दीगो खेती प्रणाली (प्राङ्गारिक) मा रूपान्तरण गर्न सक्षम कृषि जनशक्ति तथा प्रविधिको विकास गर्न जोड दिनुपर्ने देखिन्छ। अहिले भइरहेको दीगो खेतीपातीका अभ्यास तथा सिकाइमा आधारित भई जैविक क्षेत्रीयताका आधारमा राष्ट्रिय नीति तथा योजना बनाइनु आवश्यक छ।

दीगो कृषिका लागि आवश्यक कृषि सामग्री उत्पादन, भण्डारण र प्रशोधन गर्ने लघु उद्योगहरू स्थानीय तहमा स्थापना गर्नुका साथै लोपोन्मुख, स्थानीय बाली तथा जातिहरूको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक अनुसन्धानलाई प्राथमिकता दिनुपर्दछ।

## निष्कर्ष

खाद्यको असुरक्षाको यस्तो अवस्था आउनुको पछाडि मुख्य त राज्यको कृषि नीति जिम्मेवार छ। नेपालको दीर्घकालिन कृषि योजना र यसको आधारमा तयार पारिएका कृषि नीतिहरूले खाद्यान्नका लागि भन्दा निर्यात र आम्दानीका लागि खेतीपातीलाई जोड दिएका छन। युरोपकेन्द्रित बजारमखी औद्योगिक अर्थतन्त्रमा आधारित आधुनिक कृषि प्रणालीको व्यापकतासँगै राज्यले व्यापारमुखी दीर्घकालीन कृषि योजनाअघि साऱ्यो जुन हाम्रो भौगोलिक, सांस्कृतिक, सामाजिक परिस्थितिसँग मिल्दोजुल्दो नै थिएन। नेपाल जस्तो पहाडी भू-बनावटमा युरोपकेन्द्रित औद्योगिक कृषिको विकास गर्ने सोच उचित होइन। विकसित मुलुकको सिको गर्दै कृषिमा संलग्न समुदायलाई गैरकृषि क्षेत्रमा लैजाने प्रयास सम्भव छैन। विकसित मुलुकमा किसानलाई गैह्रकृषि ( खेतीपाती) क्षेत्रमा लैजाने कुरा उद्योग धन्दाका साथै अरू क्षेत्रको विकासमा आधारित थियो तर हाम्रो कुनै योजनाविना साना किसानलाई विस्थापित गर्ने राज्यको कृषि नीतिले समाधान ननिकालेर बढी सङ्कट निम्त्याएको छ।

## सन्दर्भ सामाग्री

Adhikari, Jagannath. 2008. Food Crisis in Karnali: A Historical and Politico-economic Perspective. Kathmandu: Martin Chautari.

CBS. 2001. Population Census 2001. HMGN, Nepal Planning Commission, Central Bureau of Statistics, Kathmandu, Nepal.

DADO. 2065/66. Annual Agriculture Program and Statistical Book. Government of Nepal, Ministry of Agriculture and Cooperatives, Department of Agriculture, District Agriculture Development Office, Bajura, Martadi.

DADO. 2065/66. Annual Agriculture Program and Statistical Book. Government of Nepal, Ministry of Agriculture and Cooperatives, Department of Agriculture, District Agriculture Development Office, Mugu, Gamgadi

Dahal, Hari and Khanal, Dhoj Raj. 2010. Food Security and Climate Change Adaptation Framework. An unpublished paper (pdf format).

ForestAction Nepal. 2010. Digi Jeevan Paddatika Lagi Krishi Ko Rupantaran. Kathmandu, Nepal

WFP, MoA and FAO. 2009. Food Security Analysis with respect Winter Drought. Kathmandu: WFP.

●●●